# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

कृषि मन्त्रालयका सचिव श्री अक्रुरनरसिंह राणा कृयाबिदामा रहनुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव (प्रा.) डा. हेरम्बबहादुर राजभण्डारीलाई मिति २०४५।१०।२४ देखि कायम मुकायम मुकरर गरेको छ।

### सूचना २

आवास तथा भौतिक योजना मन्त्रालयका सचिव श्री सन्तबहादुर राई थाइलैण्ड र इण्डोनेशियाको आवास तथा शहरी विकास कार्यक्रमहरूको उच्चस्तरीय छलफल र अवलोकन भ्रमणमा जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव डा. निधेन्द्रराज शर्मालाई मिति २०४५।११।२ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको मुख्य सचिव

३२६



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार